# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
(शिक्षा युवा तथा खेलकुद शाखा)

पत्र संख्या : ०७८/७९
चलानी नं. : २१९६

(१ नं. प्रदेश), नेपाल
मिति : २०७८।११।२७

बिषयः विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन सम्वन्धमा ।

श्री सामुदायिक विद्यालय सबै
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।

प्रस्तुत विषयमा सिद्धिचरण नगरपालिकाको शिक्षा ऐनको परिच्छेद –५ को दफा २१ मा विद्यालयको व्यवस्थापनका लागि तीन वर्षे कार्यावधि तोकी विद्यालय व्यवस्थापन समिति गठन हुने व्यवस्था रहेको र सो समितिले शिक्षक अभिभावक संघ गठन गर्ने प्रावधान रहेकोमा कतिपय विद्यालयहरुमा तीन वर्षे कार्यावधि समाप्त भै सक्दा पनि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन प्रकृया अगाडी बढाएको नदिखएकोले मिति २०७८ चैत्र १५ भित्र अनिवार्यरुपमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ। अन्यथा विभिन्न शीर्षकहरुमा विद्यालयमा जाने अनुदान निकाशामा बाधा पर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

(नइन्द्र राज राई)
नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०३७-५२०२१३ E-mail:siddhicharanmunicipality@gmail.com Website: siddhicharanmun.gov.np